# स्थानीय राजपत्र

**पालुङटार नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ७** **संख्या १९** **मिति २०८०/११/२१**

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## नगर पर्यटन क्षेत्र विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति :२०८०।११।२०

**प्रस्तावना :** नगरपालिकाको पर्यटकीय सम्पदाहरुको विकास, विस्तार, संरक्षण, प्रवर्द्धन गरी सामाजिक, सांस्कृतिक, आर्थिक, संस्थागत, वातावरणीय, सूचना प्रविधि सहितको दिगो पर्यटकीय विकास गर्न आवश्यक र बाञ्छनीय भएकोले पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "नगर पर्यटन क्षेत्र विकास समिति गठन तथा सञ्चालन कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि पालुङटार नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अध्यक्ष" भन्नाले नगर पर्यटन क्षेत्र विकास समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले पालुङटार नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) “पर्यटकीय स्थल” भन्नाले पालुङटार नगरपालिकाभित्र पर्ने सबै वडा भित्रको पर्यटकीय, धार्मिक तथा सांस्कृतिक स्थल सम्झनु पर्दछ ।

(ङ) “प्रमुख” भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च) “वडा” भन्नाले पालुङटार नगरपालिकाका वडाहरुलाई सम्झनु पर्दछ ।

(छ) “समिति” भन्नाले दफा ५ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ज) “सदस्य” भन्नाले नगर पर्यटन क्षेत्र विकास समितिको सदस्य सम्झनु पर्दछ ।

(झ) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## उद्देश्य तथा कार्यक्षेत्र

**३. उद्देश्य :** यस समितिको उद्देश्य देहाय बमोजिम रहेको छ :-

(क) नगर क्षेत्रभित्र रहेका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय स्रोत सम्पदाको पहिचान गर्ने,

(ख) पर्यटकीय स्रोत सम्पदाको उचित संरक्षण र सम्वर्द्धन गरी पर्यटन विकास गर्ने,

(ग) नगर क्षेत्रलाई सुरक्षित, भरपर्दो, आर्कषक तथा गुणात्मक पर्यटन स्थलको रुपमा विकास गर्ने,

(घ) पर्यटन व्यवसायलाई मर्यादित रुपमा सञ्चालन गरी दिगो व्यवस्थापनमा जोड दिने,

(ङ) पर्यटन प्रवर्द्धनका लागि आवश्यक नीति, रणनीति तथा वार्षिक एवं दीर्घकालीन योजना निर्माणमा सहयोग पुऱ्याउने,

(च) नगर क्षेत्रमा पर्यटन व्यवसायको दिगो विकास एवं विस्तारका लागि आवश्यक संस्थागत विकासमा सहयोग पुऱ्याउने ।

४. **कार्यक्षेत्र :** समितिको कार्यक्षेत्र पालुङटार नगरपालिकाको १० वटा वडा भए तापनि आवश्यकता एवं औचित्यको आधारमा यस नगरलाई प्रत्यक्ष वा परोक्ष रुपमा लाभ हुने देखिएमा सीमाना जोडिएका स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रचलित कानून बमोजिम काम गर्न कुनै बाधा पार्ने छैन ।

## परिच्छेद ३

## पर्यटन क्षेत्र विकास समिति गठन सम्बन्धी व्यवस्था

५. **समितिको गठन :** (१) पर्यटन विकास सम्बन्धी कार्यक्रमहरु सुव्यवस्थित रुपले सञ्चालन गर्नका लागि देहाय बमोजिको एक नगर स्तरीय पर्यटन विकास समिति गठन गरिनेछ :-

(क) प्रमुख - अध्यक्ष

(ख) उप प्रमुख - उपाध्यक्ष

(ग) आर्थिक विकास समिति संयोजक - सदस्य

(घ) कार्यपालिका सदस्यहरुबाट महिला सहित २ जना - सदस्य

(ङ) पर्यटन क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरुमध्येबाट प्रमुखले मनोनयन गरेको ३ जना (महिला सहित) - सदस्य

(च) स्थानीय उद्योग व्यवसायी प्रतिनिधि १ जना - सदस्य

(छ) होटल तथा ट्राभल व्यवसायी प्रतिनिधि १ जना - सदस्य

(ज) स्थानीय पत्रकार १ जना - सदस्य

(झ) यातायात व्यवसायीहरु मध्येबाट १ जना - सदस्य

(ञ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार पर्यटन क्षेत्रको विषय विज्ञ, जनप्रतिनिधि तथा कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

६. **अयोग्यता :** दफा ५ बमोजिम गठन हुने समितिमा देहायका व्यक्तिहरु समितिको सदस्य हुन अयोग्य हुनेछन् :-

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको व्यक्ति,

(ग) नियतवस बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा परेको व्यक्ति,

(घ) नगरपालिका क्षेत्रभित्रको नागरिक नभएको व्यक्ति ।

७. **पदावधि :** (१) दफा ५ को उपदफा (१) बमोजिम गठन भएको समितिको पदावधि देहाय बमोजिम हुनेछ :-

(क) समितिको पदावधि प्रमुखको पदावधि वहाल रहेसम्म रहनेछ ।

(ख) दफा ५ को उपदफा (१) को खण्ड (ङ), (च), (छ), (ज) र (झ) का सदस्यहरुको पदावधि २ वर्षको रहनेछ ।

(ग) सदस्य सचिवको पदावधि कार्यालयमा वहाल रहेसम्म रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा नगर कार्यपालिकाले निर्णय गरी जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

८. **पदावधि रिक्त हुने :** देहाय बमोजिमको अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ :-

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

(घ) फौजदारी अभियोगमा प्रमाणित भएमा,

(ङ) नगरपालिकालाई अहित हुने काम गरेको प्रमाणित भई समितिले निजलाई वर्खास्त गरेमा ।

९. **समितिको काम, कर्तव्य र अधिकार :** दफा ५ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरभित्र रहेका पर्यटकीय सम्पदाहरुको खोज, अनुसन्धान गरी तिनीहरुको संरक्षण, सम्वर्द्धन र विकास गर्ने,

(ख) नगरको पर्यटन क्षेत्रको विकास र विस्तारका लागि आवश्यक आर्थिक एवं मानवीय श्रोतको खोजी गर्ने,

(ग) आर्थिक तथा प्राविधिक स्रोत जुटाउने, प्रवेश शुल्क तथा अन्य शुल्क तोकी कार्यपालिकामा सिफारिस गर्ने,

(घ) पर्यटन सूचना केन्द्र स्थापना गरी पर्यटकीय महत्वका सम्पदाहरुको प्रचार प्रसार एवं पयर्टकीय सामग्रीको प्रकाशन/प्रसारण गर्ने गराउने साथै यस तर्फ अन्य व्यक्ति वा संस्थालाई समेत प्रोत्साहित गर्ने,

(ङ) नगरमा अवस्थित पयर्टन सम्बद्ध संघ सस्था एवं समितिहरुलाई सम्बन्धित पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण गर्न प्रोत्साहित गर्ने,

(च) नगरपालिकाको दिगो पर्यटन व्यवस्थापनका लागि कार्ययोजना बनाउने र बृहत पर्यटन विकासमा गुरु योजना तयार गर्नको लागि आवश्यक सहयोग गर्ने,

(छ) ऐतिहासिक महत्व भएका स्थलहरु तथा मठ मन्दिर जस्तै : लिगलिग कोट, कोटगढी, भुलभुलेखार लगायतका मूख्य क्षेत्रलाई पर्यटन गन्तव्यको रुपमा विकास गर्ने र स्थानीय जनसमुदायको सहभागीतालाई अधिकतम मात्रमा प्रोत्साहित गर्ने,

(ज) नगर क्षेत्रलाई एक साहासिक तथा आर्कषक पर्यटन केन्द्रका रुपमा विकासित गर्दै लैजाने र जल, स्थल र धार्मिक क्षेत्रमा आधारित मनोरञ्जनात्मक तथा साहसिक

खेल पर्यटन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने, गराउने र मनोरञ्जनात्मक पेशालाई व्यवसायको रुपमा विकास र प्रोत्साहन गर्ने,

(झ) पर्यटन प्रबद्धर्नका लागि सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गर्न पहल गर्ने,

(ञ) सभा सम्मेलन, व्यापार मेला, सांस्कृतिक तथा युवा महोत्सव, खेलकुद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रर्वद्धनात्मक पर्यटकीय उत्पादनसँग सम्बन्धित क्रियाकलाप सञ्चालनमा वृद्धि गर्ने । त्यस्ता क्रियाकलापहरु सञ्चालन गर्न निजी क्षेत्रलाई समेत प्रोसाहित गर्ने,

(ट) सरकारी एवं गैरसरकारी संस्था, सहकारी संस्था, निजी क्षेत्र, संचार एवं अन्य सामुदायिक क्षेत्रसँग साझेदारी एवं सहकार्य गर्ने,

(ठ) ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई घरबास कार्यक्रम (होम स्टे) का लागि उत्प्रेरित गर्ने,

(ड) पर्यटन प्रबर्द्धनका लागि नगर तथा वडाबाट सञ्चालित कार्यक्रम एवं पर्यटन सम्बद्ध संघसंस्था एवं समितिका क्रियाकलापहरु समेतको अनुगमन/मूल्याङ्कन गरी नगरपालिकालाई आवश्यक पृष्ठपोषण गर्ने,

(ढ) पर्यटन विकासका क्रियाकलापहरुको लेखाजोखा राख्ने, अनुगमन/मूल्याङ्कन गर्ने एवं प्रतिवेदन तयार गर्ने कार्यमा सहजीकरण गर्ने,

(ण) छिमेकका अन्य स्थानीय तहहरुसँग समन्वय गरी पारस्पारिक लाभमा आन्तरिक पर्यटन सम्बन्धी गतिविधिहरुमा वृद्धि गर्ने,

(त) पर्यटन सम्बन्धी वार्षिक कार्यक्रम नगर सभाबाट पारित गराउने र उक्त कार्यक्रमहरुको कार्यान्वयनमा समेत सहजीकरण गर्ने,

(थ) पर्यटन प्रवर्द्धन सम्बन्धी अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ४

## समितिको बैठक सम्बन्धी व्यवस्था

**१०. समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक वर्षमा कम्तीमा ४ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(३) समितिको बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूची सहितको सूचना बैठक बस्ने दिनभन्दा कम्तिमा ३ दिन अगावै सदस्य सचिवले सबै सदस्यलाई पठाउनु पर्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. बैठकको निर्णय :** (१) बैठकका निर्णयहरु सकेसम्म सर्वसम्मतिबाट गराउनु पर्नेछ । सर्वसम्मतिबाट निर्णय हुन नसकेमा बहुमतका आधारमा निर्णय गर्नु पर्नेछ ।

(२) बैठकको निर्णयमा अध्यक्ष, सचिव एवं उपस्थित सबै सदस्यहरुले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

(३) बैठकको प्रमाणित निर्णयको अभिलेख सचिवले सुरक्षित र व्यवस्थित गरी राख्नु पर्नेछ ।

(४) बैठकको निर्णय अनुसार राय, सुझाव र निर्देशन नगरपालिका वा नगरपालिकाका कुनै निकायलाई दिँदा अध्यक्षले दस्तखत गरी पठाउनु पर्नेछ ।

**१२. विज्ञको उपस्थिति र राय :** (१) समितिले आफ्नो बैठकमा नगरपालिकाका पदाधिकारी, कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गरी राय, परामर्श लिन सक्नेछ ।

(२) समितिको बैठकमा उपस्थित आमन्त्रित व्यक्ति वा विज्ञले आफ्नो धारणा राख्दा तथ्यपूर्ण एवं शिष्टतापूर्वक राख्नु पर्नेछ ।

## परिच्छेद ५

## कोष तथा लेखा परीक्षण

**१३. कोष :** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाबाट विनियोजित रकम,

(ग) कुनै व्यक्ति, स्वदेशी वा विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम,

(घ) समितिको पहलबाट प्राप्त रकम,

(ङ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा रहने रकम नगरपालिकाले तोकेको प्रचलित कानून बमोजिम "क" वर्गको इजाजत प्राप्त कुनै बैंकमा समितिको नाममा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

(६) उपदफा (१) बमोजिमको कोषको खाता सञ्चालन समितिको सदस्य सचिव र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको सोही शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. लेखा र लेखा परीक्षण :** (१) समितिको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

(३) समितिको अन्तिम लेखा परीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

**१५. बैठक भत्ता :** समितिको सदस्यहरुको बैठक भत्ता र बैठक सम्बन्धी अन्य खर्च नगरपालिकाले तोके बमोजिम अन्य पदाधिकारी सरह कोषको आम्दानीबाट व्यहोर्ने गरी हुनेछ ।

## परिच्छेद ६

## विविध

**१६. सिफारिस :** (१) नगरपालिका भित्र पर्यटन विकास तथा संरक्षण क्षेत्रमा कुनै पनि कार्य गर्नको लागि सरोकारवाला व्यक्ति तथा संघ संस्थाले यस समितिको स्वीकृति तथा सिफारिस अनिर्वाय रुपमा लिनु पर्नेछ ।

(२) नगर पर्यटन क्षेत्र विकास समितिले नगर क्षेत्रभित्रका सबै पर्यटकीय एवं धार्मिक क्षेत्रहरुमा उपभोक्ता/संरक्षण समिति गठन नभएमा त्यस प्रकारको समितिको सञ्चालन आफै वा तदर्थ समिति गठन गराई काम कारबाही अगाडी बढाउन सक्नेछ ।

**१७. प्रतिवेदन पेश गर्नु पर्ने :** (१) समितिले वर्षभरीमा सम्पादन गरेका मूख्य मूख्य काम कारबाहीहरु, कार्यान्वयन गरेको योजना तथा कार्यक्रम र सो अनुसार सरोकारवाला संस्था वा निकायहरुबाट भएका काम तथा प्राप्त उपलब्धिहरु समेत समावेश भएको वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) कार्यपालिकाले वार्षिक रुपमा सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१८. नगरपालिकालाई आर्थिक दायित्व सिर्जना गर्न नहुने :** नगरपालिकाको स्वीकृति बिना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सिर्जना गर्नु हुँदैन ।

**१९. आवश्यक नियम बनाउन सक्ने :** यस कार्यविधि बमोजिम कार्यान्वयन गर्नको लागि समितिले आवश्यक नियम बनाउन सक्नेछ । सो नियमहरु नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

**२०. व्याख्या, संशोधन र खारेजी :** यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**२१. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,<br>
गौतम भण्डारी<br>
प्रमुख प्रशासकीय अधिकृत